# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ चौमाला, कैलाली मंसिर ०७ गते, शुक्रबार २०८१ साल, (संख्या ६)

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०८।०७**

**प्रमाणिकरण मितिः २०८१।०८।०७**

**प्रस्तावना :**

**यस नगरपालिकाको विकास निर्माणमा नीजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा नीजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी, नवीकरण तथा खारेजी गर्न गौरीगंङ्गा नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।**

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

गौरीगंगा राजपत्र

## (२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले **अनुसूची-१** बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गौरीगङ्गा नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु **प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५** बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सहितको **दफा-९** मा उल्लेखित सिफारिस समितिवाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२) का सम्बन्धमा **दफा-९** मा उल्लेखित सिफारिस समितिले इजाजतपत्र दिन मनासिव देखिएको भनि सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले उक्त समितिले गरेको सिफारिस सहित इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि प्रत्येक ३/३ महिनामा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत **अनुसूची-२** बमोजिमको दस्तुर लिई निजलाई **अनुसूची-३** बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## (३) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त **करचुक्ता प्रमाणपत्र** तथा **फर्म** वा **कम्पनीको दर्ता नवीकरण** सहित सम्बन्धित नगरपालिकाबाट **अनुसूची-२** बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा **अनुसूची-४** बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी **अनुसूची-४** वमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको **म्याद नाघेको एक वर्ष भित्र** सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नीकरण गर्ने माग गरेमा **अनुसूची-२** बमोजिमको **थप दस्तुर लिई** प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरी दिनेछ

## ४) इजाजतपत्रको खारेजी :

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :

(१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा **अनुसूची-२** बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।
(२) साविक जिल्ला विकास समितिको कार्यालय वा अन्य निकायबाट घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेका फर्मले नगरपालिकाले तोकेको ढाँचामा प्रतिलिपि लिनुपर्नेछ ।
(३) उपदफा ३ को व्यवस्था कार्यान्वयनका लागि कार्यालयले ३ महिनाको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गरी निशुल्क प्रतिलिपि प्रदान गर्नेछ ।
(४) उपदफा (३) बमोजिम तोकिएको समयभित्र प्रतिलिपि नलिने निर्माण व्यवसायीको फर्म नवीकरण गर्न सकिने छैन ।

## ६) नामसारी सम्बन्धी व्यवस्था :

एक व्यक्ति, संस्था वा कम्पनीबाट अर्को व्यक्ति, संस्था वा कम्पनीको नाममा नामसारी गर्न निवेदन पेश भएमा दुबैको संयुक्त निवेदन, फर्म वा कम्पनी नामसारी गरि ल्याएको प्रमाण र तोकिएको दस्तुर तिरेको प्रमाण पेश गरेको हुनु पर्नेछ ।

## ७) साझेदारी थपघट सम्बन्धमा :

(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा निर्माण इजाजत लिएका व्यवसायमा साझेदार थपघट गर्नुपरेमा सम्बन्धित निकायबाट साझेदार थपघट गरेको प्रमाण सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा आवश्यक जाँचबुझ गरी इजाजतपत्रमा विवरण अद्यावधिक गरिदिन सक्नेछ ।

## ८) ठाउँसारी सम्बन्धी व्यवस्था :

(१) कुनै निर्माण व्यवसायीले इजाजतपत्रको ठाउँसारी गरेर जान चाहेमा निजले सम्बन्धित निकायबाट ठाउँसारी भएको प्रमाण सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

गौरीगंगा राजपत्र

(२) उपदफा (१) बमोजिम ठाउँसारीको निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाँचबुझ गरी कार्यालयको लगतमा विवरण अद्यावधिक गरी ठाउँसारी जाने स्थानीय तहलाइ लेखी पठाउनु पर्नेछ । साथै अन्य स्थानीय तहबाट ठाउँसारी भइ आउन चाहेमा सोही व्यहोराको निवेदन लिइ सिफारिस समितिको सिफारिसमा ठाँउसारी गरिदिनु पर्नेछ ।

(३) अन्य स्थानीय तहबाट यस नगरपालिकामा ठाउँसारी गरी आएमा नयाँ इजाजतपत्र बाफतको दस्तुर लिई ठाउँसारी गरी नगरपालिकाले तोकेको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

## ९) ईजाजतपत्र सिफारिस समिति :

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जाँचबुझ गरी सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहेको समिति रहनेछ ।

| | |
|---|---|
| १. पुर्वाधार विकास शाखा प्रमुख | - संयोजक |
| २. योजना शाखा प्रमुख | - सदस्य |
| ३. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ४. राजश्व शाखा प्रमुख | - सदस्य |
| ५. नगरस्तरीय निर्माण व्यावसायी संघको प्रतिनिधि | - सदस्य |
| ६. कानुन अधिकृत | - सदस्य |
| ७. जिन्सी शाखा प्रमुख | - सदस्य सचिव |

## १०) आवश्यक कागजात सम्बन्धमा :

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गर्न एंव नवीकरणका लागी **अनुसूची-६** मा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

## ११) प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## १२)खारेजी र बचाउ :

१)“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

२)यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

गौरीगंगा राजपत्र

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

| दरखास्त वालाको फोटो |
|---|
| |

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय

................

यस .....................................कार्यालयको कार्यविधि ..........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

गौरीगंगा राजपत्र

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

| | |
|---|---|
| | |
| | |
| | |

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

गौरीगंगा राजपत्र

अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी /नामसारी दस्तुर |
|---|---|---|---|---|---|
| १ | **घ** | रु. १०,०००।०० | रु. ५,०००।०० | रु. २,५००।०० | रु. १०००।०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण दस्तुरको महलमा उल्लिखित दस्तुर र उपदफा (३) बमोजिम इजाजतपत्र नविकरण गर्दा इजाजतपत्र नवीकरण थप दस्तुर समेत लाग्नेछ। साथै इजाजतपत्र हराएको खण्डमा प्रतिलिपि दस्तुर समेत लाग्नेछ।

गौरीगंगा राज

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं..................... मिति :- ....................

गौरिगङ्गा नगरपालिका

.नगरकार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८१ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई नगरकार्यपालिकाको मिति २०.................निर्णयले इजाजतपत्र प्रदान गरिएको छ।

ईजाजतपत्र दिनेको,-

निर्माण व्यावसायीको नाम: दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

**नवीकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

गौरीगंगा राजपत्र

अनुसूची -४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variationको विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | …………………… | …………………… | | | …………………… | …………………… | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | ……………… | ……………… | …………………… | …………………… | …………………… | …………………… | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | ……………… | ……………… | ……………… | ……………… | ……………… | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | ……………… | ……………… | ……………… | …………… | …………… | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | ……………… | ……………… | |
| | | | | | | | छाप | ……………… | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ……………… | | ……………… | ……………… | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ……………… | ……………… | |

गौरीगंगा राजपत्र

अनुसुची-५
(कार्यविधि को दफा २ को उपदफा (२) संग सम्वन्धित )

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :**
घरेलु तथा साना उद्योग कार्यालयमा कम्तीमा रु. ५ लाख चालु पुँजी देखाई दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा **पाँच लाख रुपैयाँको** चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :**
मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण **एक जना प्राविधिक**, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण **एक जना प्रशासनिक** र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण **एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने** व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण :**

(क) टिप्पर वा ट्याक्टर - एक थान

(ख) मिक्सर मेसीन - एक थान

(ग) Theodolite/Level Machine - एक सेट

(घ) वाटर पम्प - तीन थान

(ङ) भाइब्रेटर - तीन थान

टिप्पर वा ट्याक्टरको हकमो कम्तीमा ५ बर्षका लागि भाडामा लिएको सम्झौता पत्र,ब्लुबुकको प्रतिलिपी नगरपालिकामा कम्तिमा भाडा सम्झौता रकमको १ महिनाको भाडा बाफतको बहालकर तिरेको रसिद भएमा मान्य हुनेछ ।

**४**.घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभागमा दर्ता भएको प्रमाण पत्रमा यस नगरपालिका क्षेत्र बाहेक अन्यन्त्र ठेगाना उल्लेख भएको फर्म वा कम्पनीको हकमा यस नगरपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरेको प्रमाण र सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ ।

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको **स्वामित्वको प्रमाणपत्रका** साथै **बीमा गरेको कागजातहरु** पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित **यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा** मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु **दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन** गर्न पाइने छैन ।
४. **पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु** निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

गौरीगङ्गा राजपत्र

अनुसुची-६

(कार्यविधि को दफा १० संग सम्वन्धित )

**ईजाजतपत्र प्राप्त गर्न आवश्यक कागजातहरु**

(क) **नयाँ ईजाजतपत्र प्राप्तीका लागी -**

१.घरेलु तथा साना उद्योग कार्यालयमा कम्तीमा रु. ५ लाख चालु पुँजी देखाई दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा प्रा.लि. भएमा कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता भएको हुनुपर्ने ।

२.PAN/VAT दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि । कारोबारको उद्देश्यमा विविध प्रकारका ठेक्का पट्टा गर्ने भनी उल्लेख हुनुपर्ने ।

३.फर्मको नाममा बैक खाता खोली रु.१००,०००। (एक लाख) जम्मा भएको बैक भौचर ।

४.**जनशक्ति सम्बन्धमा -**

ईन्जिनियर -१ जना

लेखा सम्बन्धी काम गर्ने -१ जना

प्रशासन सम्बन्धी काम गर्ने -१ जना

**प्राविधिकको हकमा -**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ् विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको Transcript , निजको नागरिकता र निजसँग भएको सम्झौताको प्रतिलिपि १/१ थान ।

**लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हकमा -**

मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको Transcript , निजको नागरिकता र निजसँग भएको सम्झौताको प्रतिलिपि १/१ थान ।

**प्रशासन सम्बन्धी काम गर्ने कर्मचारीको हकमा -**

मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनैपनि विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको Transcript , निजको नागरिकता र निजसँग भएको सम्झौताको प्रतिलिपि १/१ थान ।

**करारनामाको हकमा -**

फर्ममा पुर्ण रुपमा समय दिन्छु भनी तिनै जना कर्मचारीहरुले फर्मसँग गरेको करारनामाको प्रतिलिपि १/१ थान

गौरीगङ्गा राजपत्र

५.**मेसिन तथा उपकरण सम्बन्धमा** -

- मेसिन तथा उपकरणहरु खरिद गरेको फर्मको नाममा जारी गरेको सक्कल भ्याट बिल तथा भ्याट बिलको पछाडी प्रोप्राइटरले दस्तखत गरी फर्मको छाप लगाएको हुनुपर्ने ।
- भ्याट बिलमा निर्माता कम्पनीको नाम, सिरियल नम्बर, मेशिनको क्षमता आदि उल्लेख भएको हुनुपर्नेछ ।
- मेसिन तथा उपकरणहरुको Color Photos।
- मेसिन तथा उपकरणहरु ठिक अवस्थामा रहेको भनी मेकानिकल इन्जिनियरबाट प्रमाणित गरेको कागजात ।
- मेसिन तथा उपकरणहरु ठिक अवस्थामा रहेको भनी प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको नागरिकता र काउन्सिलमा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- उल्लेखित मेसिन तथा उपकरणहरुको कम्तीमा १ वर्ष बिमा अवधि भएको बिमाको सक्कलै कागजात ।

(ख) **ईजाजतपत्र नविकरणका लागी -**

१. निवेदन
२. नागरिकताको फोटोकपी
३. ईजाजतपत्रको प्रतिलिपि
४. करचुक्ता प्रमाणपत्र
५. पान तथा भ्याट दर्ता प्रमाणपत्र
६. घरेलु तथा साना उद्योगमा दर्ता गरेको प्रमाणपत्र नविकरण भएको
७. नविकरण दस्तुर भौचर
८. कम्पनी दर्ता प्रमाणपत्र

नोट**-** सम्पुर्ण प्रतिलिपि कागजातहरु सम्बन्धित व्यक्ती वा फर्मको दस्तखत र छाप अनिवार्य भएको हुनुपर्नेछ ।

आज्ञाले
धर्मराज बिनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र